ग्रामथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
तेतरिया, मोरङ
कोशी प्रदेश, नेपाल

**अनुसची- २**

(दफा ४ तथा अनुसूची-१ को भाग-१ संग सम्बन्धित)

ग्रामथान गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ९** संख्याः ५ मितिः २०८२।१२।२५

भाग-१

ग्रामथान गाउँपालिका

केही ग्रामथान गाउँपालिकाको कानूनलाई संशोधन गर्न बनेको ऐन,२०८२

आज्ञाले,

मुरारी प्रसाद निरौला

प्रमुख प्रशासकीय अधिकृत

ग्रामथन गाउँपालिका
स्थानीय राजपत्र
खण्डः ९
सङ्ख्याः ५
मिति : २०८२, चैत्र २५
भाग- १

ग्रामथन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तेतरिया, मोरङ कोशी प्रदेश, नेपाल

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी ग्रामथान गाउँपालिकाबाट सर्वसाधारणको जानकारीका लागि यो राजपत्र प्रकाशन गरिएको छ।

ग्रामथान गाउँपालिकाको "केही ग्रामथान गाउँपालिकाको कानूनलाई संशोधन गर्न बनेको ऐन,२०८२"

गाउँसभाट स्वीकृत मितिः२०८२।१२।२५

**प्रस्तावनाः** प्रस्तावनाः प्रचलित ग्रामथान गाउँपालिकाले तर्जुमा गरेका कानूनलाई समसामयिक सुधार गर्न केही कानूनलाई संशोधन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सरकार संचालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोगे गरी ग्रामथान गाउँपालिकाको १९ औ गाउँसभाले यो ऐन वनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "केही ग्रामथान गाउँपालिकाकाको कानून संशोधन बनेको ऐन,२०८२" रहेको छ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ।

२. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "केही ग्रामथान गाउँपालिकाकाको कानून संशोधन बनेको ऐन,२०८२" रहेको छ।

(२) यो ऐन राजपत्रमा प्रकाशित भए पछि लागू हुनेछ।

**२. ग्रामथान गाउँपालिकाकोशिक्षा ऐन,२०७७ मा संशोधनः**ग्रामथान गाउँपालिकाको शिक्षा ऐन,२०७७ को ,

(१ ) दफा १८(१ग) मा सम्बन्धित वडाको वडा अध्यक्ष वा भन्ने वाक्य झिकी देहाय बमोजिम कायम गरिएको छ।

सम्बन्धित वडाको वडा समितिको वैठकले सिफारिस गरेको सदस्य राखिएको छ।

( २) दफा २६ को सट्टा देहायको दफा २६समावेश गरि उपदफा १,२ र ३ थप गरिएको छ।

२६. विद्यालय सार्न ,नाम परिवर्तन गर्न ,गाभ्ने र बन्द गर्ने :(१) गाउँपालिका भित्र हाल सञ्चालन भैईरहेका वा अन्य ठाउँमा संचालन भैरहेका कुनै पनि विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा स्थानान्तरण गर्न वा

नमो नारायण माझी
अध्यक्ष

विद्यालयको नाम परिवर्तन गर्न वादुई वा दुईभन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द वा यस अघि नेपाल सरकारका सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेका कुनै पनि विद्यालयलाई सामुदायिक विद्यालयलाई प्रभाव नपर्ने गरि गाउँपालिकाले अनुमति वा स्वीकृति दिन सक्नेछ।

(३) स्थानान्तरण शुल्क वा धरौटी: गाउँपालिका भित्र संचालन भैरहेका विद्यालय गाउँपालिका वाहिर वा गाउँपालिका बाहिर संचालन भैरहेका विद्यालय यस गाउँपालिका भित्र स्थानान्तरण गर्दा गाउँपालिकाले तोकिएको धरौटी रकम लिएर मात्र स्थानान्तरण गर्ने अनुमति वा स्वीकृती दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम अनुमति वा स्वीकृति प्रदान गर्दा गाउँपालिकाभित्र संचालनमा रहेका कुनै पनि विद्यालयलाई असर नगर्ने गरि दिनु पर्नेछ।

**३. "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि,२०७४:** घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को दफा २ मा उपदफा ५ थपिएको छ।

(१) दफा ५ ठाउँसारी र नामसारी सम्बन्धी व्यवस्था: यस कार्यविधि बमोजिम इजाजत प्राप्त गरेका निर्माण व्यवसायीले आवश्यक कागजात निवेदन दिएमा तोकिएको शुल्क लिइ गाँउपालिकाले प्रक्रिया पु-याईठाउँसारी र नामसारी अनुमति दिन सक्नेछ।

नमो नारायण माझी
अध्यक्ष